# बारपाक सुलिकोट गाउँपालिका

**स्थानीय राजपत्र**

खण्डः ६ पूर्व अतिरिक्ताङ्कः ३ मिति २०७९/१०/०४

**भाग-१**

बारपाक सुलिकोट गाउँपालिका

गोरखा

# बारपाक सुलिकोट गाउँपालिकाको जुवा/तास नियन्त्रण तथा नियमन ऐन, २०७९

**प्रस्तावना**

बारपाक सुलिकोटगाउँपालिका क्षेत्र भित्र जुवा, एवं तासजन्य क्रियाकलापको रोकथाम गर्दै सभ्य, अनुशासित र सदाचारयुक्त समाज निमार्णको अभिलाशालाई पूरा गर्नु वाञ्छनीय देखिएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) वमोजिम बारपाक सुलिकोट गाउँपालिका गाउँसभाले यो ऐन बनाएको छ ।

**परिच्छेद - १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम प्रारम्भः**

१) यस ऐनको नाम “बारपाक सुलिकोट गाउँपालिकाको जुवा/तास नियन्त्रण तथा नियमन ऐन, २०७९ ” रहेको छ ।

२) यो ऐन बारपाक सुलिकोट गाउँपीलिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हूनेछ ।

**२. परिभाषा**

१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) “कार्यपालिका” भन्नाले बारपाक सुलिकोट गाउँपालिकाको कार्यापालिकालाई सम्झनु पर्दछ ।

(ख) “कार्यालय” भन्नाले बारपाक सुलिकोट गाउँपालिकामा रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) “जुवा” भन्नाले सम्पत्ति हार्ने वा जित्ने गरी कुनै संयोग आधारमा बाजी थापी खेलेको कुनै खेल सम्झनु पर्छ । तर यो शब्दले नेपाल सरकारको अनुमति लिई आयोजना गरिएको कुनै सार्वजनिक चिठ्ठालाई र मनोरञ्जनको लागि कुनै सार्वजनिक मेला वा प्रदर्शनीमा खेलिएको खेललाई जनाउँदैन ।

(घ) “सभा” भन्नाले बारपाक सुलिकोट गाउँपालिकाको सभालाई सम्झनु पर्दछ ।

(ङ) “अध्यक्ष” भन्नाल बारपाक सुलिकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(च) “उपाध्यक्ष” भन्नाले बारपाक सुलिकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बारपाक सुलिकोट गाउँपालिकाका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी वहन गरेको अधिकारी संझनु पर्दछ ।

(ज) “वडा अध्यक्ष” भन्नाले बारपाक सुलिकोट गाउँपालिकाका विभिन्न वडाबाट निर्बाचित वडा अध्यक्ष सम्झनु पर्दछ ।

(झ) “सचिव” भन्नाले बारपाक सुलिकोट गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ । वडाको हकमा सम्बन्धित वडा सचिव लाई सम्झनु पर्दछ ।

(ञ) “सार्वजनिक पद धारण गरेको व्यक्ति” भन्नाले सार्वजनिक निकायको कुनै पदमा निर्वाचित, मनोनित वा नियुक्ति भई बहाल रहेको व्यक्ति सम्झनु पर्छ ।

(ट) “तोकिएको ” वा “तोकिए वमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्छ ।

## परिच्छेद - २

## जुवा तास नियन्त्रण सम्बन्धि व्यवस्था

### ३. जुवा नियन्त्रण

१) यस गाउँपालिका भित्रका क्षेत्रमा जुवाजन्य गतिविधि पूर्ण रुपमा प्रतिवन्ध गरिएको छ ।

२) कुनै व्यक्तिले जुवा, तास र यस्तै गतिविधिलाई दुरुत्साहन गर्ने खालका सामग्री निकासी वा पैठारी गर्न पाउने छैन ।

### ४. जुवा खेल्न वा खेलाउनमा प्रतिबन्ध

१) कुनै व्यक्तिले जुवा खेल्न, खेलाउन वा जुवा खेल्ने खाल थाप्न वा आफ्नो हकको वा आफ्नो भोग चलन वा जिम्माको कुनै घर कोठा वा ठाउँलाई जुवा खेल्ने वा खेलाउने काममा व्यवहार गर्न वा गराउन, जुवा खेलेको ठाउँमा बस्न हुँदैन ।

२) कुनै व्यक्तिले उपदफा (१) बमोजिम कसूर हुने काम कुरा भएको वा हुन लागेको देखी जानी सो दबाउन वा त्यसको कसूर गर्नको निमित्त अरु कसैलाई कुनै प्रकारको मद्दत वा दुरुत्साहन दिनु हुँदैन ।

## परिच्छेद - ३

## जुवा तास नियन्त्रण तथा नियमन समिति सम्बन्धि व्यवस्था

### ५. समिति गठन

१) जुवा तास नियन्त्रण तथा नियमन गर्नका लागि यस गाउँपालिकामा जुवा नियन्त्रण तथा नियमन मूल समिति रहने छ ।

| | | |
|---|---|---|
| क) गाउँपालिका अध्यक्ष | - | संयोजक |
| ख) गाउँपालिका उपाध्यक्ष | - | सदस्य |
| ग) सामाजिक विकास समितिको संयोजक | - | सदस्य |
| ङ) महिला, दलित र अल्पसंख्यक मध्येबाट १/१ जना सदस्य | - | सदस्य |
| च) प्रशासन शाखा प्रमुख | - | सदस्य |
| छ) स्वास्थ्य शाखा प्रमुख | - | सदस्य |
| ज) प्रहरी ईन्चार्ज (गाउँपालिका क्षेत्रको प्रहरी चौकीको प्रमुख) | - | सदस्य |
| झ) उद्योग, वाणिज्य संघ वा व्यापार तथा व्यवसायी संघको प्रमुख | - | सदस्य |
| ञ) गाउँपालिका स्तरीय निगरानी समूहको अध्यक्ष | - | सदस्य |
| ट) प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य सचिव |

२) उपदफा (१) को (ङ) बमोजिमका सदस्यहरु गाउँकार्यपालिकाले छनोट गर्नेछ ।

### ६. मूल समितिको काम कर्तव्य र अधिकार

क) जुवाजन्य क्रियाकलापलाई नियन्त्रण गरि गाउँपालिकामा हुने विकृति विसंगतिलाई रोक्न आवश्यक कार्य गर्ने गराउने ।

ख) वडा र टोल स्तरीय जुवा नियन्त्रण समितिलाई आवश्यक निर्देशन दिने ।

ग) यो ऐन विपरीत मदिरा विक्री वितरण गर्ने वा सेवन गर्नेलाई जरिवाना गर्ने, गर्न लगाउने ।

घ) जुवा नियन्त्रण गर्न आवश्यक अध्ययन, अनुगमन गर्ने गराउने ।

च ) वडा समितिको काम कारवाहीको अनुगमन गर्ने ।

७. **वडा समिति गठनः** जुवा तास नियन्त्रण तथा नियमन गर्नका लागि प्रत्येक वडामा निम्न वमोजिमको एउटा वडामा समिति गठन गरिने छ ।

क) वडा अध्यक्ष - संयोजक

ख) वडा सदस्यहरु - सदस्य

ग) सम्बन्धित वडाको प्रहरी कार्यालयको प्रमुख - सदस्य

ग) सम्बन्धित वडाको स्वास्थ्य संस्थाको प्रमुख - सदस्य

घ) वडा स्तरको महिला समूहको प्रमुख - सदस्य

ङ) वडा स्तरको बाल समूहको प्रमुख - सदस्य

च) उद्योग, वाणिज्य संघ वा व्यापार तथा व्यवसायी संघको प्रमुख - सदस्य

छ) वडा समितिले मनोनित गरेका कम्तिमा एक जना महिला सहित
२ जना विशिष्ट व्यक्तिहरु तथा समाजसेवीहरु मध्येबाट - सदस्य

ज) सम्बन्धित वडाको वडा स्तरीय निगारानी समूहको अध्यक्ष - सदस्य

झ) वडा सचिव - सदस्य सचिव

**८. वडा स्तरीय जुवा नियन्त्रण तथा नियमन समितिको काम कर्तब्य र अधिकार :**

क) वडामा यस ऐन वमोजिम जुवाजन्य क्रियाकलाप भएको छ छैन ? सो को अनुगमन गरी नियमबमोजिम आवश्यक कारवाही अगाडि बढाउने र सो को जानकारी मूल समितिलाई दिने ।

ख) यस ऐनमा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ग) यस ऐनको पालना नगर्नेलाई यस ऐन वमोजिम जरिवाना गर्ने । जरिवाना तिर्न अटेर गरेमा सो को जानकारी मूल समितिलाई दिने ।

घ) समय समयमा मूल समितिले दिएको आदेश निर्देशनको पालना गर्ने गराउने ।

ङ) टोल विकास समितिको काम कारवाहीको अनुगमन गर्ने र प्रभावकारी कार्य सम्पादनका लागि समन्वय र सहजिकरण गर्ने ।

च) मूल समिति र टोल विकास समितिको बिचमा प्रभावकारी समन्वय र सञ्चार गर्ने ।

छ) यस ऐन वमोजिम आफूले गर्नु पर्ने अन्य कार्य गर्ने ।

९. **टोल विकास समितिको गठनः** जुवा तास नियन्त्रण तथा नियमन गर्नका लागि प्रत्येक टोलमा निम्न वमोजिमको टोल विकास समिति गठन गरिने छ ।

क) टोल विकास संस्थाको अध्यक्ष - संयोजक

ख) टोलस्तरको महिला समूहको प्रमुख - सदस्य

ग) टोलस्तरको युवा क्लवको एक जना प्रतिनिधि - सदस्य

ग) स्थानीय सामुदायिक वन उपभोक्ता समितिको प्रमुख - सदस्य

घ) स्थानीय शिक्षकहरु मध्येबाट एक जना - सदस्य

ङ) टोल विकास समितिले मनोनित गरेका कम्तिमा २ जना महिला सहित स्थानिय स्तरका उद्यमी, व्यवसायी र समाजसेवी मध्येबाट ३ जना - सदस्य

च) टोल विकास समितिको सचिव - सदस्य सचिव

(७) उपदफा ६ बमोजिमको समितिको गठन यो ऐन प्रारम्भ भएको एक महिना भित्र गाउँ भेलाबाट गरिनेछ र उपदफा ४ बमोजिमको वडा समितिलाई लिखित रुपमा जानकारी गराउनु पर्दछ । यसरी जानकारी गराउँदा टोल समिति गठनका लागि गाउँ भेलाको माईन्युट समावेश भएको हुनु पर्दछ ।

**१०. टोल स्तरीय जुवा नियन्त्रण समितिको काम कर्तब्य र अधिकार :**

क) टोलमा यस ऐन वमोजिम जुवा जन्य क्रियाकलाप भएको छ छैन ? सो को अनुगमन गरी आवश्यक कारवाही अगाडि बढाउने र त्यसको जानकारी वडा समितिलाई दिने ।

ख) यस ऐनमा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ग) यस ऐनको पालना नगर्नेलाई यस ऐन वमोजिम जरिवाना गर्ने । जरिवाना तिर्न अटेर गरेमा सो को जानकारी वडा समितिलाई दिने ।

घ) समय समयमा मूल समिति र वडा समितिले दिएको आदेश निर्देशनको पालना गर्ने गराउने ।

ङ) समाजमा जुवा जन्य गतिविधि र काम कारवाहीको अनुगमन गर्ने र ऐन बमोजिम आवश्यक कारवाहि गर्ने ।

च) समय समयमा सामाजिक जनचेतना जगाउन आवश्यक भए सो को कार्ययोजना बनाई वडा समितिमा प्रस्ताव पठाउने ।

छ) यस ऐन वमोजिम आफूले गर्नु पर्ने अन्य कार्य गर्ने ।

**११. नियमित अनुगमन**

क) टोल समितिले आफ्नो टोल भित्रको टोल, बजार विद्यालय, स्वास्थ्य केन्द्र, पार्क, मन्दिर लगायतका स्थान तथा सार्वजनिक स्थलहरुमा जुवा तासको अवस्था के कस्तो छ सो को वारेमा जाँचवुझ गर्न नियमित रुपमा औपचारिक वा अनौपचारिक रुपमा निगरानी राख्ने र अनुगमन गर्नु पर्ने ।

ख) टोल समितिले सम्बन्धित वडामा र वडा समितिले टोलहरुको एकीकृत प्रतिवेदन र वडाको अनुगमन प्रतिवेदन कम्तिमा हरेक तिन महिनामा एक पटक गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ ।

ग) वडा समितिले आफ्नो वडाको क्षेत्र भित्र जुवा तास वारे अनुगमन गर्दा यस ऐनको दफा ३ मा उल्लेख गरिएका शर्तका कुरा के कति पालन गरिएका छन् सो कुरा प्रतिवेदनमा अनिवार्य खुलाउनु पर्ने छ ।

घ) जुवा नियन्त्रण कार्यका लागि नियमित रुपमा अथवा आवश्यकता अनुसार जुनसुकै समयमा समुदाय र व्यक्तिको अनुगमन गर्न सक्नेछ ।

ङ) मूल समितिले वडा समिति र टोल समितिको काम कारवाहिको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । ऐन विपरित कार्य गर्ने समिति र समितिका कुनै पनि सदस्यलाई मूल समितिले कारवाहि र निष्काशन गर्न सक्नेछ ।

**१२. सचेतना कार्यक्रम संचालन गर्नेः**

क) प्रत्येक ६ महिनाको जुवा तासको प्रभाव, कानुनी व्यवस्था र सुधार गर्नुपर्ने विषयका बारेमा वडा स्तरमा एउटा सचेतना कार्यक्रम गर्नुपर्ने छ ।

ख) वडा स्तरमा गरिएको सो सचेतना कार्यक्रमको प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य पेश गर्नुपर्ने छ ।

## परिच्छेद - ४

## दण्ड सजाय सम्बन्धि व्यवस्था

**१३. जुवा खेल्ने खेलाउनेलाई सजाय गर्न सकिनेः**

क) जुवा खेलेमा पहिलो पटक लाई रु. २००० सम्म जरिवाना हुनेछ। सोही व्यक्तिले पटक पिच्छे सो कसुर गरेमा रु १००० (एक हजार) को दरले वढ्दै जाने छ।

ख) आफ्नो भोगको वा आफ्नो भोगचलन वा जिम्माको कुनै घर वा कोठा वा ठाउँलाई जुवाको खाल थाप्ने वा अरु कुनै प्रकारले जुवा खेल्ने काममा लगाएमा वा लगाउन दिएमा पहिलो पटकलाई रु. ३००० जरिबाना गरिनेछ। सोहि व्यक्ति वा व्यवसायीले पटक पिच्छे सो कसुर गरेमा रु १००० (एक हजार) दरले वढ्दै जाने छ।

ग) जुवा खेल्न लागेको ठाउँमा अथवा जुनसुकै समयमा जुवाजन्य क्रियकलापको निम्ति सरसापट दिएमा दिने व्यक्तिलाई पहिलो पटक रु. ५००० जरिवाना गरिनेछ। सोहि व्यक्तिले पटक पिच्छे सो कसुर गरेमा रु १००० (एक हजार) दरले वढ्दै जाने छ। भने सापट वापद प्राप्त सम्पूर्ण रकम सापट लिने सँग असुल उपर गर्न सकिनेछ।

घ) सार्वजनिक पद धारण गरेको व्यक्तिको हकमा पहिलो पटकको लागि रु. ४००० (चार हजार) जरिवाना वा सम्बन्धित सार्वजनिक निकायमा मुद्दा दायर गर्न सकिनेछ। सोहि व्यक्तिले पटकै पिच्छेको कसुरमा रु १००० (एक हजार) का दरले वढ्दै जाने छ।

१४. **जुवा खेल्न उपयोग गरिएका सबै सामान जफत गर्ने :** दफा ९ बमोजिम कसुर गर्न उपयोग गरिएको वा उपयोग गर्ने मनसायले लगिएका वा राखिएका सबै नगदी जिन्सी जफत गरिनेछ।

१५. **जाहेरवालालाई सजाय नहुने**ः दफा (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को ३.२ र दफा ४ मा मनाहि गरिएको कुनै काम कुनै व्यक्ति आफैले पक्राउ हुनु भन्दा अगावै सो कुरा टोल विकास समिति वा वडा समिति वा मूल समिति समक्ष जाहेर गरी साक्षी हुन मञ्जुर गरेमा निजलाई सजाय हुने छैन।

तर कुनै पनि कसुरदारले एक पटकको लागि मात्र दफा ११ बमोजिम सजाय माफी पाउने छ, साथै यस ऐन बमोजिम कसुर ठहरिने कुनै काम पुनः गरेमा दफा ९ बमोजिम कारवाही अगाडि बढाउन कुनै बाधा पर्ने छैन ।

१६. **मुद्धा दिन सक्ने:** यस कार्यविधि अन्तर्गत जरिवाना गरिएको बिषयमा चित्त नबुझे जरिवाना गरिएको ३५ दिन भित्र गाउँपालिकाको न्यायिक समितिमा मुद्धा गर्न सकिने छ ।

## परिच्छेद - ५

## विविध

**१७. सूचना दिएमा :** यस कार्यविधि विपरित कार्य गरेको कुरा प्रमाण सहित कसैले सुराकी दिएमा सो व्यक्तिको नाम गोप्य राखी निजलाई नियम वमोजिम सुराकी दिएमा जम्मा जरिवाना रकमको बढिमा २० प्रतिशत नबढ्ने गरी पुरस्कार प्रदान गरिनेछ ।

**१८. वदरः** यस ऐनमा उल्लिखित नियम तथा उपनियमहरु मूल कानुनसँग वाझिएमा वाझिएको हद सम्म वदर भागि हुनेछ ।

**१९.** माथि उल्लिखित नियम तथा उपनियमहरु आवश्यकता अनुसार गाउँसभाबाट संसोधन , परिमार्जन वा परिवर्तन गर्न सकिनेछ ।

२०७९/१०/०४ मा बसेको बारपाक सुलिकोट गाउँपालिकाको गाउँ सभाको बैठकले संशोधन बिना सर्वसम्मतिले पारित गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ (१) बमोजिम प्रमाणित गर्दछु ।

.....................

विष्णु प्रसाद भट्ट

अध्यक्ष

बारपाक सुलिकोट गाउँपालिका
मिति: २०७९/१०/०४